राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com



विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४



वर्ष ७ अंक २२३ २०८२ चैत्र ५ गते विहिवार (19 March. 2026) पृष्ठ ४ मूल्य रु. ३।-


## खाडी द्वन्द्वले नेपाली व्यवसायी संकटमा

दैनिक समाचारदाता

काठमाडौं, ४ चैत। मध्यपूर्व (पश्चिम एसिया) मा इजरायल-अमेरिका र इरानबीच बढ्दो द्वन्द्वको प्रभाव त्यहाँ बसोबास गर्दै आएका नेपाली व्यवसायीमा गम्भीर रूपमा परेको छ। यूएई, कतार र साउदी अरब लगायतका देशमा व्यापार गर्दै आएका हजारौं नेपाली अहिले आर्थिक संकट, डर र अन्योलको सामना गरिरहेका छन्। ड्रोन तथा मिसाइल आक्रमणका कारण अमेरिकी सैन्य बेस आसपासका गतिविधि प्रभावित भएका छन्। त्यसको असर श्रमिक तथा व्यवसायमा देखिँदा धेरै कम्पनीहरूले कर्मचारीलाई बिदा दिन थालेका छन् भने कतिपय कामदार त्रासका कारण घरमै बस्न बाध्य भएका छन्।

पर्यटन क्षेत्रमा आएको गिरावटले दुबई जस्तो प्रमुख पर्यटकीय गन्तव्यमा ठूलो असर परेको छ। पर्यटक आगमन लगभग ठप्प भएपछि होटल, रेस्टुरेन्ट, ट्राभल एजेन्सी तथा यातायात क्षेत्रमा आबद्ध नेपालीहरू प्रत्यक्ष प्रभावित भएका छन्। यूएईमा व्यवसाय गर्दै आएका एक नेपालीका अनुसार अहिले ९० प्रतिशतसम्म व्यापार घटेको छ।

अमेरिका, अष्ट्रेलिया लगायतका देशहरूले आफ्ना नागरिक फिर्ता लगिसकेपछि बजार झन् सुनसान बनेको व्यवसायीहरूको भनाइ छ। 'यहाँ न बाँच्न सकिने अवस्था छ, न छोडेर जान सकिन्छ,' एक व्यवसायीले गुनासो गरे।

अभिव्यक्ति स्वतन्त्रता सीमित हुँदा व्यवसायीहरू खुलेर समस्या राख्न समेत डराउने अवस्था रहेको बताइएको छ। यूएईमा सामाजिक सञ्जालमाथि निगरानी बढाइँदा नेपालीहरूका च्याट समूहसमेत बन्द गरिएका छन्।

गैरआवासीय नेपाली संघ (एनआरएनए) का अनुसार करिब ४ हजार नेपाली व्यवसायीको लगानी जोखिममा परेको छ। व्यवसायीहरूले नेपाल सरकार, उद्योग वाणिज्य महासंघ तथा सम्बन्धित निकायसँग समस्या समाधानका लागि तत्काल पहल गर्न माग गरेका छन्।

## बालिका अपहरणमा संलग्न अभियुक्त कारागार चलान

दैनिक समाचारदाता

राजविराज, ४ चैत। सप्तरीमा सात वर्षीया बालिकाको अपहरण गरी फिरौती माग्ने अभियुक्तलाई पुर्पक्षका लागि कारागार पठाइएको छ। जिल्ला अदालत सप्तरीको आदेशपछि अभियुक्तलाई कारागार कार्यालय सप्तरी, राजविराज चलान गरिएको होजिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार खडक नगरपालिका-८ बिसनपुरमा डेरा गरी बस्ने इमरान खानकी छोरी आसु खातुन (नेहा खातुन)लाई गत फागुन ५ गते बेलुका करिब ७ बजे खडक नगरपालिका-९ सर्पा टोलका ३० वर्षीय इम्तियाज अहमदले मोटरसाइकलमा राखी अपहरण गरेका थिए।

घटनापछि इलाका प्रहरी कार्यालय कल्याणपुर र जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको संयुक्त टोलीले बालिकाको खोजी तीव्र बनाएको थियो। अनुसन्धानका क्रममा फागुन ७ गते बिहान करिब ११ बजे अपहरणकारीले बालिकाका बुवालाई फोन गरी एक करोड रुपैयाँ नगद र पाँच किलो सुन फिरौती मागेको प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो।

प्रहरीका अनुसार फिरौती लिन रूपनी गाउँपालिका-१ स्थित खाँडो खोलामा बोलाएपछि सादा पोशाकमा खटिएको टोलीले सोही दिन साँझ अभियुक्त अहमदलाई नियन्त्रणमा लिएको थियो।

पक्राउ परेका अहमदमाथि अपहरण, शरीर बन्धक तथा मानव ओसारपसारसम्बन्धी कसूरमा मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाइएको थियो। मंगलबार जिल्ला अदालत सप्तरीले दिएको आदेशअनुसार उनलाई पुर्पक्षका लागि कारागार पठाइएको प्रहरीले जनाएको छ।

## धनुषामा वैशाख २ बाट आर्थिक गणना सुरु

दैनिक समाचारदाता

जनकपुरधाम ४ चैत। देशको यथार्थ आर्थिक अवस्था पहिचान गर्न नेपाल सरकारले तथ्याङ्क कार्यालयमार्फत वैशाख २ गतेदेखि आर्थिक गणना सुरु गर्ने भएको छ। सोही तयारीस्वरूप धनुषा जिल्लामा आवश्यक समन्वय तथा तयारी अघि बढाइएको छ।



जिल्ला आर्थिक गणना समन्वय समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलको अध्यक्षतामा बसेको बैठकले गणनालाई सफल बनाउन सबै पक्षबाट सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। बैठकमा बोल्दै प्रमुख जिल्ला अधिकारी लुइँटेलले गणनामा खटिने गणकहरूलाई सही विवरण उपलब्ध गराउन आग्रह गर्दै सङ्कलित विवरण पूर्ण रूपमा गोप्य रहने कानुनी व्यवस्था रहेको स्पष्ट पारे।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले गणनालाई सफल बनाउन निजी क्षेत्रको पूर्ण सहयोग रहने बताए। सुनचाँदी व्यवसायी संघका अध्यक्ष पवन ठाकुरले व्यवसायीहरूलाई विश्वासमा लिएर यथार्थ तथ्याङ्क संकलन गर्न सुझाव दिए।जिल्ला आर्थिक गणना अधिकारी श्रीनारायण महतोका अनुसार धनुषामा ७८ गणक र ११ सुपरभाइजर परिचालन गरिनेछ। जिल्लाभरका सबै आर्थिक गतिविधिको विवरण संकलन गरिनेछ। नेपालमा दोस्रो पटक हुन लागेको यो गणनाबाट आर्थिक नीतिनिर्माणमा ठोस आधार तयार हुने अपेक्षा गरिएको छ।

## ओलीका पिताको निधनप्रति मधेशवादी नेताको श्रद्धाञ्जली

दैनिक समाचारदाता

जनकपुरधाम, ४ चैत। मधेशवादी दलका शीर्ष नेताहरूले पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीका पिताको निधनप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन्।

नेताहरू ओली निवास भक्तपुरको गुण्डु पुगेर दिवंगतप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट


बाँकी पृष्ठ ४मा




## ब्राउन सुगरसहित चार पक्राउ

दैनिक समाचारदाता

महोत्तरी ४ चैत। महोत्तरीको बर्दिबास नगरपालिका-३ गौरीडाँडास्थित बीपी राजमार्गबाट प्रहरीले ठूलो परिमाणको नियन्त्रित लागुऔषध ब्राउन सुगरसहित चार जनालाई नियन्त्रणमा लिएको छ। विशेष सूचनाको आधारमा बर्दिबासबाट काठमाडौंतर्फ जाँदै गरेको प्रदेश-०२-०१-००१ च ०४४१ नम्बरको स्कार्पियोलाई रोकेर तलासी गर्दा उक्त लागुऔषध बरामद गरिएको हो। लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबास र इलाका प्रहरी कार्यालय बर्दिबासको संयुक्त टोलीले गए राति करिब सवा १० बजे चेकजाँच गरेको थियो।तलासीका क्रममा स्कार्पियोमा सवार नुवाकोट सूर्यगढी गाउँपालिका-४ का ३१ वर्षीय अविरल परियारको दाहिने हातमा लुकाइ राखिएको अवस्थामा ब्राउन सुगर फेला परेको प्रहरीले जनाएको छ। बरामद लागुऔषधको कुल तौल ७५ ग्राम र शुद्ध तौल ७१.०४ ग्राम रहेको छ। प्रहरीका अनुसार उक्त ब्राउन सुगरको बजार मूल्य करिब १३ देखि १५ लाख रुपैयाँ बराबर पर्न सक्छ। घटनामा संलग्न रहेको आरोपमा चालक मुरलीकुमार रायसहित रमण घिमिरे र सुनिल पटेललाई समेत नियन्त्रणमा लिइएको छ।

पक्राउ परेकाहरूमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


## क्षयरोगबाट बचौं र बचाऔं।


- खोक्दा र हाच्छ्युँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा निःशुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार सेवन गरौं,
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

*"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड




## अब अनलाइनबाट बुकिङ्को सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाइ बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# सय दिनको परीक्षण कार्यान्वयनको चुनौती

मधेश प्रदेश सरकारले सय दिन पूरा गर्दा सार्वजनिक गरिएका उपलब्धिहरूले प्रारम्भिक सक्रियताको संकेत त दिएका छन्, तर ती प्रयासहरू व्यवहारमा कति रूपान्तरित भए भन्ने प्रश्न अझै खुला नै छ। मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रस्तुत गरेका ५१ सुधारमुखी पहलहरू कागजमा प्रभावशाली देखिए पनि अधिकांश योजना प्रारम्भिक चरणमै सीमित हुनु सरकारको कार्यक्षमतामाथि उठेको शंकालाई बल पुर्‍याउँछ।

निस्सन्देह, सुरुआती दिनहरू सहज थिएनन्। मन्त्रिपरिषद् अपूर्ण रहनु, निर्वाचन आचारसंहिताको बन्देज र संघीय सरकार गठनको ढिलाइले काममा असर पार्नु स्वाभाविक हो। तर, यस्ता संरचनात्मक चुनौतीहरूलाई कारण बनाएर दीर्घकालीन सुस्तता स्वीकार्य हुन सक्दैन। सरकारको मूल्यांकन अन्ततः नतिजामै आधारित हुन्छ।

स्वास्थ्य क्षेत्रमा अनलाइन टिकट, बैंकिङ भुक्तानी र डिजिटल ल्याब रिपोर्टजस्ता प्रयासहरू सकारात्मक छन्। शिक्षा क्षेत्रमा 'एक निर्वाचन क्षेत्र, एक नमुना विद्यालय' कार्यक्रम पनि दीर्घकालीन दृष्टिले महत्वपूर्ण देखिन्छ। तर, यस्ता योजनाहरूको प्रभाव जनस्तरसम्म पुग्न अझै समय र प्रभावकारी कार्यान्वयन आवश्यक छ।

कृषि र सिँचाइ जस्ता जीवनमुखी क्षेत्रमा अध्ययन र पहलको कुरा भए पनि किसानले प्रत्यक्ष अनुभूति गर्ने सुधार अझै देखिएको छैन। पर्यटनतर्फ जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने पहल र पूर्वाधार विकासका योजनाहरू महत्वाकांक्षी छन्, तर ती घोषणा मात्र नबनी कार्यान्वयनमा पुग्नु अत्यावश्यक छ।

सरकारले विपरीत परिस्थितिमा काम सुरु गरेको स्वीकार्य भए पनि अब बहानाभन्दा परिणाम प्रस्तुत गर्ने समय आएको छ। सय दिनको उपलब्धि भन्दा आगामी दिनको कार्यान्वयन नै सरकारको वास्तविक परीक्षा हुनेछ। जनअपेक्षा उच्च छ–अब सरकारसँग त्यसको जवाफ दिने जिम्मेवारी पनि उत्तिकै गम्भीर छ।

# ३३ प्रतिशत महिला मन्त्री
## उदारता होइन, संवैधानिक र राजनीतिक बाध्यता

राधिका थपलिया

नेपालको राजनीति अहिले एउटा यस्तो मोडमा उभिएको छ, जहाँ पुराना भाष्यहरू भत्किँदैछन् र नयाँ मानकहरू स्थापित हुने तरखरमा छन्। सडकदेखि सदनसम्म र चिया पसलदेखि सामाजिक सञ्जालका 'वाल' हरूसम्म एउटै आवाज गुञ्जिरहेको छ- परिवर्तन।

यो परिवर्तन केवल अनुहारको फेरबदल मात्र होइन, यो त सोच, कार्यशैली र राज्यका निकायहरूको संरचनागत पुनर्संरचनाको माग हो। विशेष गरी 'जेन-जी' भनिने नयाँ पुस्ताको राजनीतिक चेतनाले परम्परागत राजनीतिक दलहरूलाई ठूलो दबाब दिएको छ। यो पुस्ताले राजनीतिमा 'भागबण्डा' होइन, 'नतिजा' र 'न्यायपूर्ण प्रतिनिधित्व' खोजिरहेको छ।




यही बदलिँदो परिवेशमा आगामी सरकार गठनको रस्साकस्सी सुरु भइरहँदा एउटा गम्भीर प्रश्न अनुत्तरित छ- के नयाँ मन्त्रिपरिषद्ले संविधानको मर्म र जनमतको भावनालाई आत्मसात गर्दै कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ला ?

***संवैधानिक रिक्तता र राजनीतिक बेइमानी***

हाम्रो संविधानले संघीय संसद र प्रदेश सभामा ३३ प्रतिशत महिला सहभागितालाई अनिवार्य गरेको छ। जसका कारण आज संसदको स्वरूप केही हदसम्म समावेशी देखिएको छ। तर, विडम्बना ! राज्यको कार्यकारी अधिकार प्रयोग गर्ने 'मन्त्रिपरिषद्' गठनका सवालमा भने संविधान मौन जस्तै छ, र यही 'मौनता' लाई राजनीतिक दलहरूले आफ्नो स्वार्थ अनुकूल व्याख्या गर्दै आएका छन्।

संसदमा महिलाको उपस्थिति संख्या पुर्‍याउने 'कोटा' मा मात्र सीमित गरियो, तर निर्णय प्रक्रियाको केन्द्र मानिने क्याबिनेटमा उनीहरूलाई निषेध गरिनु लोकतन्त्रकै उपहास हो।

विगतका चुनावहरू र जनमतले स्पष्ट सन्देश दिएका छन्- जनता अब 'टेस्टेड' नेताहरूबाट थाकिसकेका छन्। पछिल्लो आम निर्वाचनको परिणामले सुधार र नयाँ नेतृत्वको पक्षमा बलियो म्यान्डेट दिएको छ।

विशेष गरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जस्ता नयाँ शक्तिहरूको उदयले नेपाली राजनीतिमा एउटा रोचक तथ्याङ्क प्रस्तुत गरेको छ। रास्वपाले प्रत्यक्षतर्फ उठाएका १६ उम्मेदवारमध्ये १३ जनाले विजय हासिल गरे, जुन झण्डै ८१.२५ प्रतिशतको उत्साहजनक सफलता हो।

यो सफलताले के पुष्टि गर्छ भने, यदि सही एजेन्डा र सक्षम नेतृत्व अगाडि सारियो भने जनताले नयाँ अनुहारलाई स्वीकार्न हिचकिचाउँदैनन्। यसमा महिला उम्मेदवारहरूको प्रदर्शन र उनीप्रतिको जनविश्वास झन् लोभलाग्दो छ।

***सुशीला कार्कीदेखि पहिलो महिला प्रधानमन्त्रीको बहससम्म***

हामीले विद्यादेवी भण्डारीका रूपमा मुलुकको पहिलो महिला राष्ट्रपति पाइसकेका छौं। तर, आलंकारिक पदमा महिला पुग्नु मात्रै पर्याप्त छैन। अबको बहस 'मुलुकको पहिलो निर्वाचित महिला प्रधानमन्त्री' को हुनुपर्छ। यो असम्भव कल्पना होइन।

हामीसँग सुशीला कार्की जस्तो बलियो उदाहरण छ, जसले प्रधानन्यायाधीशका रूपमा मात्र होइन, चुनौतीपूर्ण समयमा कार्यपालिकाको नेतृत्व गरेर आफ्नो अदम्य साहस र कार्यक्षमता प्रमाणित गरिसक्नुभएको छ। कार्कीको कार्यकालले यो पुष्टि गर्‍यो कि जब महिलाहरू कार्यकारी भूमिकामा पुग्छन्, उनीहरूले पुरुषको तुलनामा कम सम्झौताहीन र बढी नैतिक नेतृत्व प्रदान गर्न सक्छन्।

नेपालले अब विश्वका ती आधुनिक लोकतान्त्रिक मुलुकहरूबाट सिक्न ढिला भइसकेको छ, जसले 'जेण्डर-ब्यालेन्स्ड' क्याबिनेट (लैंगिक रूपमा सन्तुलित मन्त्रिपरिषद्) लाई आफ्नो राजनीतिक संस्कृतिको अभिन्न हिस्सा बनाएका छन्। क्यानडा, फ्रान्स, स्पेन र केही स्क्यान्डिनेभियन राष्ट्रहरूले मन्त्रिपरिषदमा ५० प्रतिशतसम्म महिला सहभागिता गराएर राज्य सञ्चालनमा समावेशीताको नयाँ मानक खडा गरेका छन्।

नेपालले पनि आधुनिक लोकतान्त्रिक राज्य बन्ने हो भने निर्णय प्रक्रियाको माथिल्लो तहमा महिलाको अनिवार्य उपस्थिति सुनिश्चित गर्नैपर्छ।

***कार्यकारी निर्णयमा महिला किन ?***

महिला प्रतिनिधित्व केवल 'दया' वा 'उपहार' होइन, यो त अधिकार र आवश्यकताको कुरा हो। आधा आकाश ओगट्ने जनसंख्याको दृष्टिकोण र अनुभव बिना बनाइने नीतिहरू कहिल्यै पनि पूर्ण हुन सक्दैनन्। स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा र अर्थतन्त्रका कतिपय सूक्ष्म पक्षहरू महिलाको नजरबाट हेर्दा बढी व्यवहारिक र मानवीय हुन्छन्। जबसम्म क्याबिनेटको टेबलमा महिलाहरूको बलियो उपस्थिति हुँदैन, तबसम्म राज्यका प्राथमिकताहरू पितृसत्तात्मक सोचबाट मुक्त हुन सक्दैनन्।

नयाँ पुस्ताका मतदाताहरूले यसपालि दलहरूलाई 'चेक एण्ड ब्यालेन्स' को अवस्थामा पुर्‍याइदिएका छन्। यो जनमतको एउटा पाटो समावेशी मन्त्रिपरिषद् पनि हो। प्रत्यक्ष निर्वाचनबाट चुनिएर आएका सक्षम महिला सांसदहरूलाई 'कनिष्ठ' ठानेर राज्यका महत्वपूर्ण मन्त्रालयहरूबाट वञ्चित गरिनु जनमतको अपमान हो।

***अबको बाटो***

आगामी सरकार गठन गर्ने तयारीमा रहेका दलहरूले अब पुरानै 'भागबण्डाको सुत्र' प्रयोग गरेर सुख पाउने छैनन्। नयाँ सरकारले कम्तीमा ३३ प्रतिशत महिला मन्त्री नियुक्त गरेर एउटा नयाँ राजनीतिक संस्कृतिको थालनी गर्नुपर्छ। यो कदमले केवल महिलाहरूको मनोबल मात्र बढाउने छैन, बरु नेपालको लोकतन्त्रलाई विश्वसामु थप परिपक्व र आधुनिक सावित गर्नेछ।

प्रधानमन्त्रीको कुर्सी जोगाउन वा दलभित्रको गुट व्यवस्थापन गर्न महिलालाई पाखा लगाउने प्रवृत्ति अब स्वीकार्य छैन। यदि नयाँ भनिएका र पुराना दलहरूले साच्चै राजनीतिक सुधारको कुरा गर्छन् भने, त्यसको पहिलो परीक्षण 'मन्त्रिपरिषद्को संरचना' बाटै हुनेछ। ३३ प्रतिशत महिला मन्त्री- अबको सरकारका लागि यो विकल्प होइन, अनिवार्य सर्त बन्नुपर्छ।*(लेखक राधिका थपालिया अधिवक्ता हुन् ) साभार: अनलाइनखबरडटकम*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# मंगल ग्रहमा भेटियो जीवन सम्भव बनाउने केमिकल



अमेरिकी अन्तरिक्ष एजेन्सी नासाको क्युरियोसिटी रोभरले मंगल ग्रहमा एउटा आश्चर्यजनक खोज गरेको छ ।

उक्त रोभर मंगल ग्रहको गेडिज भ्याली च्यानल क्षेत्रमा अघि बढ्दै गर्दा एउटा चट्टानमाथि चढेको थियो । ८ सय ९९ किलोग्राम तौल भएको सो रोभरले उक्त नरम चट्टानलाई थिचेपछि चट्टानको भित्रबाट पहेँलो रङका क्रिस्टल निस्किए। वैज्ञानिकहरूको अनुसार ती क्रिस्टल शुद्ध सल्फर (एलिमेन्टल सल्फर) का क्रिस्टल हुन् । यसलाई सामान्य भाषामा ब्रिमस्टोन पनि भनिन्छ ।

हुनत मंगल ग्रहमा यसअघि सल्फेट खनिज भेटिएको थियो । तर यसरी शुद्ध सल्फरको यस्तो प्रमाण पहिलो पटक भेटिएको हो । यही कारणले यो खोज वैज्ञानिकहरूका लागि निकै रोचक र रहस्यमय बनेको छ।

*कहाँ भेटियो त्यो चट्टान ?*

उक्त रहस्यमयी चट्टान मंगलको गेडिज भ्याली च्यानल नामक क्षेत्रमा भेटिएको हो । वैज्ञानिकहरूका अनुसार उक्त स्थान अर्बौं वर्षअघि पानी बग्ने पुरानो नदीको मार्ग थियो ।

क्युरियोसिटी रोभर जब सो क्षेत्र हुँदै अघि बढिरहेको थियो त्यही क्रममा चट्टान कुल्चिँदा सल्फरका क्रिस्टल देखिएका थिए । वैज्ञानिकहरूले त्यसको वरिपरि त्यस्ता धेरै चट्टानहरू रहेको तथ्य पनि पत्ता लगाएका छन् । जुन बाहिरबाट सामान्य देखिए पनि भित्र शुद्ध सल्फर हुनसक्ने सम्भावना छ ।

क्युरियोसिटी परियोजनाका प्रमुख वैज्ञानिक आश्विन भासाभाडाले यसलाई मरुभूमिको हरियाली क्षेत्र अर्थात मरुद्यान भेटिएजस्तै भएको बताएका छन् । मंगल ग्रहमा त्यस्तो चिज भेटिएको विषयमा थप अनुसन्धान हुने उनले बताएका छन् ।

*सल्फेट र शुद्ध सल्फरबीच के फरक छ ?*

सल्फेट भनेको पानीमा घुल्ने सल्फरबाट बनेको नुन हो । जब पानी बिस्तारै सुक्छ सल्फेट खनिजहरू चट्टानको रूपमा बाँकी रहन्छन् । मंगल ग्रहमा यस्ता सल्फेटहरू भेटिनुले त्यहाँ कुनै समय पानी रहेको संकेत दिन्छ । तर शुद्ध सल्फर बन्नका लागि अत्यन्त विशेष भू-रासायनिक अवस्था आवश्यक पर्छ । वैज्ञानिकहरूका अनुसार गेडिज भ्याली क्षेत्रमा त्यस्तो अवस्था स्पष्ट रूपमा देखिँदैन । त्यसैले सतहमा यति ठूलो मात्रामा सल्फरका टुक्राहरू भेटिनुले मंगल ग्रहको भौगर्भिक इतिहासलाई रहस्यमय बनाएको छ ।

*जीवनका लागि सल्फर किन महत्वपूर्ण ?*

सल्फर जीवनका लागि अत्यन्त महत्वपूर्ण तत्व हो । यो दुई प्रकारका आवश्यक अमिनो एसिड बनाउन प्रयोग हुन्छ जुन प्रोटिन निर्माणका आधारभूत घटक हुन् ।

मंगलमा सल्फेट पहिले नै भेटिएको हुनाले यो खोजले जीवनको सम्भावनाबारे सिधै नयाँ प्रमाण भने दिँदैन । तर पनि मंगलमा बारम्बार पानी, रासायनिक पदार्थ र जीवनका लागि आवश्यक तत्वहरू भेटिँदै जानुले कुनै समय त्यो ग्रह जीवनका लागि अनुकूल हुन सक्छ भन्ने संकेत गर्दछ ।

*रोभरले कसरी गऱ्यो यो खोज ?*

क्युरियोसिटी रोभरसँग चट्टान र माटोको रासायनिक संरचना अध्ययन गर्ने अत्याधुनिक उपकरणहरू छन् । तर वैज्ञानिकहरूका अनुसार यदि रोभर त्यो चट्टानमाथि चढेर नथिचेको भए शुद्ध सल्फरको त्यो खोज अझै धेरै समयसम्म रहस्यकै गर्भमा रहन सक्थ्यो ।

हाल वैज्ञानिकहरू कम्प्युटर मोडेलिङ र थप अनुसन्धानमार्फत उक्त सल्फर त्यहाँ कसरी बनेको वा पुगेको हो भन्ने प्रश्नको उत्तर खोजिरहेका छन् ।

क्युरियोसिटी रोभर अहिले पनि गेडिज भ्याली क्षेत्रमा अघि बढिरहेको छ र नयाँ चट्टानहरूको अध्ययन गरिरहेको छ । आगामी अनुसन्धानले अझै रोचक तथ्यहरू उजागर गर्न सक्ने आशा वैज्ञानिकहरुको छ। यो खोजले मंगल ग्रहलाई बुझ्ने यात्रामा नयाँ अध्याय खोलिदिएको छ। यसले मंगल केवल रातो मरुभूमि मात्र होइन नभई त्यहाँ पनि खनिज र रसायनहरूको जटिल इतिहास लुकेको छ भन्ने देखाउँछ । एजेन्सी

# इरानका गुप्तचरमन्त्री मारिएको इजरायलका रक्षामन्त्रीको दाबी



एजेन्सी

काठमाडौं, ४ चैत । इजरायलका रक्षामन्त्री इजरायल काट्जले इरानका इन्टेलिजेन्स मिनिस्टर (गुप्तचरमन्त्री) इस्माइल खातिब मारिएको दाबी गरेका छन् ।

उनले गएराति इरानका मन्त्री खातिब मारिएको दाबी गरेका हुन् । काट्जको बयान उद्धृत गर्दै बीबीसीले समाचारमा उल्लेख गरेको छ, 'पछिल्लो रात इरानका इन्टेलिजेन्स मिनिस्टर खातिबलाई पनि समाप्त गरिदिएका छौं ।'

त्यस्तै अल जजिराले पनि इजरायलका रक्षामन्त्री काट्जले इरानका गुप्तचरमन्त्री खातिबको हत्या गरिएको दाबी गरेको समाचार प्रकाशित गरेको छ। इजरायली सैन्य विश्लेषकहरूका अनुसार खतिब इरानका नयाँ सर्वोच्च नेतासँग नजिक रहेका व्यक्ति थिए ।

तर, इरानले इजरायलको पछिल्लो दाबीबारे कुनै प्रतिक्रिया दिएको छैन । खातिबलाई पूर्व राष्ट्रपति इब्राहिम रइसीले सन् २०२१ मा मन्त्री नियुक्त गरेका थिए ।

उनले कयौं ठूला धर्मगुरुसँग इस्लामी कानुनको पढाइ गरेका थिए । जसमा इरानका दिवंगत सर्वोच्च नेता आयतुल्लाह अली खामेनेई पनि पर्दछन् ।

सन् २०२२ मा अमेरिकाको वित्त (अर्थ) मन्त्रालयले खातिबलाई अमेरिका र उसका सहयोगीविरुद्धको साइबर गतिविधिमा सहभागी रहेको भन्दै प्रतिबन्ध गरेका थियो ।

# पाचन प्रणालीमा हुने क्यान्सर के हो?



प्रा. डा. संजय पौडयाल

हामीले खाएको खाना अन्ननलीबाट आमाशय, सानो आन्द्रा, ठूलो आन्द्रा हुँदै मलाशयबाट बाहिर निस्कन्छ, जसलाई पाचन प्रणाली भनिन्छ। यसक्रममा खानामा भएका पोषक तत्व शरीरले लिन्छ भने बाँकी फोहोर बाहिर निस्कन्छ। पाचन प्रक्रियामा कलेजो, पित्तनली, पित्तथैली र प्याँक्रियाजले पनि सहयोग गर्छन्।

पाचन प्रणालीका यी कुनै पनि अंगमा क्यान्सर हुनसक्छ। नेपालमा आमाशय, ठूलो आन्द्रा, कलेजो तथा प्याँक्रियाजमा हुने क्यान्सर बढी पाइन्छ।

ठूलो आन्द्रामा हुने क्यान्सर धेरैजसो खानपानसँग सम्बन्धित हुन्छ। धेरैमात्रामा जनावरजन्य बोसो भएका तथा धेरै प्रिजर्भेटिभ हालेका खानेकुरा, मोटोपनजस्ता कुराले क्यान्सरको जोखिम बढाउँछन्। खानामात्र नभई वंशाणुगत रुपमा पनि क्यान्सर हुने सम्भावना हुन्छ। यस्तै, ठूलो आन्द्रामा हुने सुजन 'इन्फ्लामेटोरी बावल डिजिज' र मासु पलाउने रोग (कोलोनिक पोलिप) पनि केही वर्षपछि क्यान्सरमा परिणत हुने सम्भावना हुन्छ।

*कस्ता लक्षण देखिन्छन् ?*

दिसामा रगत देखिन सक्छ। अधिकांश बिरामी दिसामा रगत आयो भने पायल्स भयो भनेर जडिबुटी औषधि खाएर घरमै बसिरहेका हुन्छन्। तर, दिसामा रगत देखिनु सामान्य होइन, असामान्य हो भनेर बुझ्नुपर्ने हुन्छ।

दिसामा रगत आउनेबित्तिकै ठूलो रोग नहुन पनि सक्छ। तर, जाँच नै नगरी यस्तो हो भनेर भन्न मिल्दैन। ठूलो आन्द्राको दाहिने भागतिर क्यान्सर हुनेहरुमा रगतको कमी (एनिमिया) भई हिँड्दा थकाइ लाग्ने, सेतो भएर जानेजस्ता लक्षण देखिन्छन्, जुन परीक्षणबाट मात्र कारण थाहा हुन्छ। कसै-कसैमा अन्य रोगको परीक्षण गर्दा आन्द्राको क्यान्सर थाहा लाग्ने हुन्छ।

*जाँच कसरी?*

ठूलो आन्द्रामा क्यान्सर भएको छ कि छैन भनेर पत्ता लगाउने प्रमुख उपाय भनेको 'कोलोनोस्कोपी' हो। यसमा दिसा गर्ने ठाउँबाट ठूलो आन्द्राभित्र मेसिनको सहायताले हेरिन्छ, जसबाट आन्द्रामा मासु पलाएको वा घाउ छ कि छैन भनेर थाहा हुन्छ र रोग यकिन गर्न बायोप्सी (मासु जाँच) लिइन्छ। यसबाट धेरैजसो अवस्थामा क्यान्सर छ वा छैन पत्ता लाग्दछ।

ठूलो आन्द्राको क्यान्सर धेरैजसो ५० वर्षभन्दा माथिको उमेर समूहलाई लाग्न सक्छ। तर, वंशाणुगत कारण हुनेहरुमा कम उमेरकामा पनि देखिन्छ।

*उपचार प्रक्रिया के हुन्छ?*

क्यान्सर पत्ता लागेपछि यो रोग आन्द्रामै सीमित छ कि या आन्द्राबाट बाहिर फैलिएको छ भनेर जाँच गरिन्छ। त्यसका लागि पेट तथा छातीको सीटी स्क्यान तथा रगत जाँच गरेर हेरिन्छ। कुनै अवस्थामा एमआरआइ पनि गरिन्छ। त्यसपछि रोगलाई वर्गिकरण गरिन्छ। शल्यक्रिया गर्नुपर्ने कि किमोथेरापी दिने हो अथवा शल्यक्रियापछि किमो दिने हो भनेर निर्क्योल गरिन्छ। त्यसका आधारमा उपचार सुरु गरिन्छ।

पेटसम्बन्धी समस्याको परीक्षण, उपचार तथा शल्यक्रियालगायतका सम्पूर्ण सेवाका लागि नर्भिकमा 'डाइजेस्टिभ डिजिज सेन्टर' छ। यसअन्तर्गत फिजिसियन ग्यास्ट्रोइन्टेरोलोजिस्ट, ग्यास्ट्रोइन्टेस्टाइनल सर्जरी (सर्जरी) तथा अंकोलोजीको विशिष्ट सेवा उपलब्ध छ। ग्यास्ट्रोइन्टेस्टाइनल सर्जरी विभागमा आन्द्राको अपरेशन गरेर क्यान्सर लागेको भागलाई निकाली फालिएको भागमा रोग नभएको आन्द्रा जोड्ने लगायतका सुविधा उपलब्ध छ। किमोथेरापी दिन अंकोलोजिस्ट हुनुहुन्छ भने रोगको स्क्रीनिङ गर्ने, पत्ता लगाउने तथा कोलोनोस्कोपी गर्ने कामचाहिँ मेडिकल ग्यास्ट्रोइन्टेरोलोजिस्टले गर्नुहुन्छ। यी सेवा धेरै वर्षदेखि नर्भिकमा उपलब्ध छ। यसका साथै दुरबिनको सहायताले पनि शल्यक्रिया गरिन्छ भने कतिपयलाई पारम्परिक रुपमा चिररै शल्यक्रिया गर्नुपर्ने हुनसक्छ। अर्थात्, बिरामीको अवस्था हेरेर आन्द्राको क्यान्सरका लागि आवश्यक सबै खालका उपचार सेवा नर्भिकमा उपलब्ध छ।

*क्यान्सर हुन नदिन के गर्ने ?*

स्वस्थ जीवनशैली नै क्यान्सर हुन नदिने महत्वपूर्ण उपाय हो। यसका लागि बोसोयुक्त खानेकुरा कम गर्ने तथा मोटोपन घटाउनेजस्ता उपाय गरियो भने क्यान्सर हुने जोखिम केही हदसम्म कम गर्न सकिन्छ। तर, सबैकुरा खानपानमात्र होइन, ५० वर्षमाथिका व्यक्तिमा स्क्रीनिङ गर्नुपर्छ। विदेशमा बढी क्यान्सर देखिने उमेर समूहलाई स्क्रीनिङ गर्ने गरिए पनि नेपालमा छैन। त्यसैले दिसामा रगतजस्ता लक्षण देखिए आवश्यक परीक्षण गरेर पत्ता लगाउनुपर्छ। यस्तै, वंशाणुगत रुपमा हुने क्यान्सर रोक्न नसकिए पनि सचेत हुन र जोखिम कम गर्न सकिन्छ। सुरुकै स्टेजमा पत्ता लाग्यो भने आन्द्राको क्यान्सर पनि निको हुनेमा पर्छ।

*(डा. पौडयाल नर्भिक अस्पतालका जीआई (ग्यास्ट्रोइन्टेस्टाइनल) सर्जन हुन्)*



सिंहदरबारस्थित संघीय संसद् भवनमा नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूको शपथका लागि नयाँ हल निर्माण अन्तिम चरणमा पुगेको छ। प्रमुख दलहरूसँगको छलफलपछि तयारी तीव्र पारिएको र निर्वाचन आयोगको प्रतिवेदन प्राप्त भएलगत्तै शपथसम्बन्धी सूचना सार्वजनिक गरिने तयारी छ। यस पटक १८२ सिटसहित राष्ट्रिय स्वतन्त्र पार्टी सबैभन्दा ठूलो दल बनेको छ भने नेपाली कांग्रेस, एमाले र नेकपाले क्रमशः ३८, २५ र १७ सिट हासिल गरेका छन्। नयाँ शक्तिको उदयसँगै संसद् नयाँ समीकरण र अपेक्षासहित अघि बढ्ने संकेत देखिएको छ। तस्वीर : गोरखापत्रबाट

# चैत १२ मा सांसद शपथ तयारी

दैनिक समाचारदाता
काठमाडौं, ४ चैत । नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूको शपथ ग्रहण चैत १२ गते गर्ने तयारी गरिएको छ। संघीय संसद् सचिवालयले निर्वाचन आयोगबाट प्रतिवेदन प्राप्त भएपछि औपचारिक मिति सार्वजनिक गर्ने जनाएको छ।

निर्वाचन आयोगले समानुपातिकतर्फ निर्वाचित सदस्यहरूलाई बिहीबार प्रमाणपत्र प्रदान गर्ने तथा सोही दिन निर्वाचन प्रतिवेदन राष्ट्रपति कार्यालयमा बुझाउने तयारी गरेको छ। उक्त जानकारी संघीय संसद् सचिवालयलाई पनि गराइनेछ। संसद् सचिवालयका सहसचिव एवं प्रवक्ता एकराम गिरीका अनुसार आयोगबाट चैत ५ गते प्रतिवेदन प्राप्त भए भोलिपल्ट शपथसम्बन्धी सूचना प्रकाशित गरिनेछ। 'चैत १२ गते शपथ गराउने तयारी छ, यस विषयमा राजनीतिक दलहरूसँग पनि छलफल भइरहेको छ,' उनले बताए।

२१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट ६ राजनीतिक दल राष्ट्रिय दलको रूपमा आएका छन्। १६२ सिटसहित राष्ट्रिय स्वतन्त्र पार्टी सबैभन्दा ठूलो दल बनेको छ भने नेपाली कांग्रेस ३८, नेकपा (एमाले) ३५ र नेकपा १७ सिटसहित क्रमशः दोस्रो, तेस्रो र चौथो स्थानमा छन्। श्रम संस्कृति पार्टी ७ सिटसहित पाँचौं र राप्रपा ५ सिटसहित छैटौं दल बनेका छन् भने एक स्वतन्त्र सांसद पनि निर्वाचित भएका छन्।

# मुसहर बस्तीमा आगलागी, ११ घर खरानी



दैनिक समाचारदाता
विराटनगर, ४ चैत । मोरङको बुढीगंगा गाउँपालिका-४ स्थित मुसहर बस्तीमा बुधबार दिउँसो भएको आगलागीमा ११ वटा घर पूर्ण रूपमा जलेर नष्ट भएका छन्। बाँस र काठबाट बनेका कच्ची घरमा लागेको आगोले केही बेरमै बस्तीका सबै घरहरूमा फैलिँदै ठूलो क्षति पुऱ्याएको हो।

प्रहरीका अनुसार विद्युत् सर्टका कारण आगलागी भएको प्रारम्भिक अनुमान गरिएको छ। दिउँसो करिब २ बजेतिर बाँसबारीस्थित गोकुवा चोकबाट पूर्वतर्फ रहेको उक्त बस्तीमा सोनु ऋषिदेवको घरबाट आगो सुरु भएको थियो। टाटीबेरा गरिएको कच्ची घर भएकाले आगो तीव्र रूपमा फैलिएको जनाइएको छ।आगलागीका क्रममा घरभित्र रहेका ग्यास सिलिण्डर विष्फोट हुँदा आगो झन् फैलिँदै अन्य घरहरूमा समेत क्षति पुगेको थियो। घटनाको जानकारी पाएपछि विराटनगर महानगरपालिका र इटहरी उपमहानगरपालिकाबाट दमकलसहित सुरक्षाकर्मी र स्थानीयवासीको सक्रियतामा करिब ४५ मिनेटपछि आगो नियन्त्रणमा लिइएको थियो।

जिल्ला प्रहरी कार्यालय मोरङका सूचना अधिकारी डीएसपी लीलाराज लामिछानेका अनुसार इलाका प्रहरी कार्यालय नेमुवाका सई अशोक कार्की र जिल्लाबाट वरिष्ठ सई राजेन्द्र कटवालको नेतृत्वमा टोली खटिएर आगो नियन्त्रणमा सहयोग गरिएको थियो। थप क्षति हुन नदिन प्रहरी र स्थानीयले आगो फैलिन लागेको एक घर भत्काएर अग्निरेखा समेत बनाएका थिए।

आगलागीबाट घरभित्र रहेका लत्ताकपडा, अन्नपात तथा धनमाल सबै जलेर नष्ट भएको छ। दैनिक ज्याला मजदुरी गरेर जीवन निर्वाह गर्दै आएका विपन्न मुसहर समुदायका परिवारहरू घरबारविहीन भई अहिले खुला आकाशमुनि बस्न बाध्य भएका छन्।घरबार गुमाएका परिवारका लागि बुढीगंगा गाउँपालिकाले तत्काल राहतस्वरूप सामूहिक मेस सञ्चालन गरी भोजनको व्यवस्था गरेको छ भने अस्थायी बासको व्यवस्था मिलाउने प्रयास भइरहेको प्रहरीले जनाएको छ।

# मधेशमा नेकपा चौथो दल

दैनिक समाचारदाता
जनकपुरधाम, ४चैत । मधेश प्रदेशसभामा नेकपा (एकीकृत) १५ सिटसहित चौथो ठूलो दल बनेको छ। नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीबीचको एकीकरणपछि सिट संख्या जोडिँदै नेकपा बलियो रूपमा उभिएको हो।

२०७९ को निर्वाचनमा माओवादी केन्द्रले ९, एकीकृत समाजवादीले ७ र नागरिक उन्मुक्तिले १ सिट जितेका थिए। तर, माओवादी केन्द्रका दुई सांसद भरतप्रसाद साह र रहबर अंसारले गत फागुन २१ को निर्वाचनमा भाग लिन पद त्यागेपछि दलको संख्या घटेको थियो। साह महोत्तरी-४ मा पराजित हुँदै जमानतसमेत जफत भएको थियो भने अंसार बारा-४ बाट विजयी भएका छन्।

एकीकरणपछि नेकपाले मधेश प्रदेशसभामा १५ सिट कायम गर्दै संसदीय दलको नेता युवराज भट्टराईलाई तोकेको छ। उनी यसअघि माओवादी केन्द्रका उपनेता थिए। प्रदेश सरकारमा नेकपाको हाल तीन मन्त्रालयमा सहभागिता रहेको छ।

१०७ सदस्यीय मधेश प्रदेशसभामा हाल ५ सिट रिक्त छन्। हालको अवस्थाअनुसार एमाले २४, कांग्रेस २२, जसपा नेपाल १९, नेकपा १५, जनमत १२, लोसपा ८ र नेपाल संघीय समाजवादी १ सिटसहित रहेका छन्।

# एयर डाइनेस्टी हेलिकप्टर दुर्घटना, सबै यात्रु सुरक्षित



दैनिक समाचारदाता
काठमाडौं, ४ चैत । खोटाङको बेलाबेसीमा आज बिहान एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटना भएको छ। काठमाडौंबाट खोटाङतर्फ उडेको ९एन-एएफक्यू कलसाइनको हेलिकप्टर बिहान ११:५१ बजे दुर्घटनामा परेको कम्पनीले जनाएको छ।

एयर डाइनेस्टीका वरिष्ठ प्रबन्धक बालकृष्ण पण्डितद्वारा जारी विज्ञप्तिमा हेलिकप्टरमा एक चालक दल सदस्यसहित कुल ६ जना सवार रहेको उल्लेख छ। प्रारम्भिक जानकारी अनुसार सबै यात्रु र चालक सकुशल रहेका छन्।विज्ञप्तिमा दुर्घटनाको प्राविधिक कारणबारे अनुसन्धान जारी रहेको जानकारी दिइएको छ। कम्पनीले भनेको छ, "हालसम्म कुनै मानवीय क्षति भएको छैन र सबै सुरक्षित छन्। एयर डाइनेस्टी हेलि सर्भिसेज प्रालि सम्बन्धित निकायहरूसँग समन्वय गर्दै घटनाको वास्तविक कारण पत्ता लगाउन सक्रिय छ।"

कम्पनीले घटनाबारे थप विवरण प्राप्त हुने बित्तिकै सार्वजनिक गर्ने प्रतिबद्धता पनि जनाएको छ।

## ओलीका......

गरेका हुन्। श्रद्धाञ्जली दिन जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव, पार्टीका संरक्षक तथा राष्ट्रिय सभा सदस्य महन्थ ठाकुरसहित नेताहरू शरत्सिंह भण्डारी, जितेन्द्र सोनल र डा. सुरेन्द्रकुमार झा सहभागी भएका थिए।

उक्त अवसरमा नेताहरूले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै परिवारजनलाई धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना व्यक्त गरेका छन्।







'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४